# स्वामीकार्तिक खापर गाउँपालिका

# स्थनीय राजपत्र

खण्डः ४ संख्याः २६ मितिः २०७७/०३/१७

## भाग-२

### स्वामीकार्तिक खापर गाउँपालिका

### स्वामीकार्तिक खापर गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन कार्यविधि ऐन, २०७७

स्वामीकार्तिक खापर गाउँपालिका

**स्वामीकार्तिक खापर गाउँपालिकाको पशु विकास कार्यक्रम संचालन कार्यविधि ऐन, २०७७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) मा रहेको व्यवस्था अनुरुप पशु पशु स्वास्थ्य तथा पशुसेवा विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँसभाबाट यो कार्यविधि बनाएको छ ।

**परिच्छेदः १**

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "स्वामीकार्तिक खापर गाउँपालिकामा पशु सेवा विकास सम्वन्धि कार्यक्रम संचालन कार्यविधि २०७७" हुनेछ ।

(ख) यो कार्यविधि स्वामीकार्तिक खापर गाउँपालिका भित्र क्षेत्र भर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको स्वामीकार्तिक खापर गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "पशुसेवा शाखा" भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिकाको मातहतको पशु सेवा हेर्ने शाखालाई सम्झनु पर्दछ ।

(च) "शाखा प्रमुख" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको पशुसेवा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(छ) "पशु विकास कार्यदल" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको अध्यक्षको नेतृत्वमा गठन भएको कार्यदल लाई सम्झनु पर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, पशुपंछी विकास मन्त्रालय सम्झनु पर्दछ ।

स्वामीकार्तिक खापर गाउँपालिका

## परिच्छेदः २

### स्वामीकार्तिक खापर गाउँपालिकामा पशुसेवा अन्तरगत संचालन हुने कार्यक्रमहरु

क.पशु स्वास्थ्य सेवा कार्यक्रम

ख. पशु नश्ल सुधार कार्यक्रमहरु

ग. पशु आहारा विकास कार्यक्रमहरु

घ.पशु सेवा प्रविधि विस्तार तथा तालिम कार्यक्रम

ङ.युवा लक्षित पशु उत्पादन कार्यक्रम

च.पशुपंछी तथा पशुपंछीजन्य पदार्थको बजारीकरण कार्यक्रम

### १ संचालन हुने कार्यक्रमका उद्देश्यहरु

क .पशुपंछीमा हुने रोगहरुको निदान तथा उपचार गर्ने ।

ख. पशुपंछीमा हुने संक्रामक रोगहरु फैलन नदिने

ग. पशुहरुमा गाई भैसी वाखा कृतिम गर्भाधानको माध्यामवाट नश्ल सुधार गरि उत्पादकत्वमा बृद्दि गर्ने ।

घ. भैसीमा मुर्रा र वाख्रामा बोयर जातको भालेवाट नश्ल सुधारका लागि प्राकृतिक गर्भाधानको व्यवस्था मिलाउने ।

ङ. पशु तथा पशु जन्य उत्पादन लागत घटाउन बाह्रै महिना हरियो घाँस उत्पादनमा जोड दिने ।

च. पशु आहाराका लागि कृषि जन्य उपपदार्थको प्रयोग गरि पशु स्वास्थ्य पोषणमा विकास गर्ने ।

छ.. युवा जनशक्तिलाई स्थानीय क्षेत्रमा नै पशुपंछी पालन तथा पशुपंछी जन्य उत्पादनमा लाग्नका लागि प्रोत्साहन गर्ने ।

ज.कृषकको गोठ खोरमा उत्पादित बस्तुहरुको बजारीकरणको लागि सहयोग गर्ने ।

### २. पशु स्वास्थ्य सेवा कार्यक्रमहरुः

क. स्वामीकार्तिक खापर गाउँपालिका पशु सेवा शाखा बाट पशु उपचार कक्ष -डिस्पेन्सरी) संचालन हुनेछ । जसबाट यस गाउँ क्षेत्र अन्तरगत वसोवास गर्ने कृषकहरुका पशु पंछीहरुको नियमित उपचार तथा प्राविधिक परामर्श सेवा उपलव्ध गराइने छ ।

स्वामीकार्तिक खापर गाउँपालिका

ख. डिस्पेन्सरीवाट मेडिकल उपचार, माइनर सर्जिकल, गाईनोक्लोजिकल, पशु बन्ध्याकरण, प्रयोगशाला ( गोवर र दुध) परिक्षण र कृतिम गर्भाधान सेवाहरु प्रदान गरिनेछ । साथै गाउँपालिकाको क्षेत्र अन्तरगत रहेका पशुहरुमा निम्न अनुसारको खोप सेवा संचालन गरिने छ ।

| | |
|---|---|
| गाई, भैसीमाः | HSBQ र FMD लगायत अन्य । |
| बाखा, भेडामाः | PPR लगायत अन्य । |
| सुगुर, बंगुरमाः | Swine Fever लगायत अन्य । |
| कुकुरमाः | Rabies लगायत अन्य । |
| हाँस, कुखुरामाः | **रानीखेत** लगायत अन्य । |

(ग) पशुहरुमा संक्रामक तथा महामारी जन्य रोगहरु देखिएमा सो को रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि संचालन गरिने छ ।

**३. पशु नश्ल सुधार कार्यक्रमः**

पशु नश्ल सुधार कार्यक्रम अन्तरगत गाई भैसी र वाखामा नियमित कृतिम गर्भाधान सेवा उपलब्ध गराउनका लागि आबश्यक सिमेन, तरल नाइट्रोजन र आबश्यक अन्य लजिष्टिक सामाग्रीको व्यवस्थापन गरिने छ । साथै पशुपालक कृषकहरुलाई स्थानीय स्तरमा उन्नत जातका राँगो साँढे र वोका वितरण गरि सो वाट प्रजनन् गराई नश्ल सुधार गरिने छ ।

**४.पशु आहारा विकास कार्यक्रमः**

पशु आहारा विकास कार्यक्रम अन्तरगत पशु पालक कृषकहरुलाई हरियो घाँसमा आधारित पशुपालनमा प्रोत्साहन गरिने छ । नियमित हरियो घाँस उत्पादनका लागि सिजन अनुसारका हिउदे, बर्षे, बहुबर्षे, घाँसका वेर्ना/विउ तथा सेट/स्लिप वितरण गरिनेछ । घरका छेउछाउ आली कान्ला कूलो तथा खोलाका किनारहरुमा लगाउनको लागि विभिन्न जातका डाले घासका वेर्नाहरु वितरण गरिने छ । बाह्रै महिना हरियो घाँस उत्पादनका गर्नका लागि निम्न अनुसारको लागत सहभागीतामा घाँसको विउ उपलब्ध हुनेछ ।

| | |
|---|---|
| हिँउदे वर्षिम घाँसको विउः | ५० प्रतिशत अनुदानमा |
| बर्षे मकैचरि एमपी चरी घाँसको विऊः | ८० प्रतिश अनुदानमा |
| डाले घाँसका विरुवा/ सेट/ स्लिपः | निःशुल्क |

**५. पशुसेवा प्रविधि विस्तार तथा तालिम कार्यक्रमः**

पशुसेवा प्रविधि तथा तालिम कार्यक्रम अन्तरगत पशुपंछी पालक कृषक उद्यमी समूह सहकारीहरुलाई निजको माग र आवश्यकता वमोजिमका तालिम तथा स्थलगत अवलोकन भ्रमण कार्यक्रमहरु संचालन गरिने छ ।

**६. युवा लक्षित पशु उत्पादन कार्यक्रम**

युवा लक्षित पशु उत्पादन कार्यक्रम अन्तर्गत यस गाउँपालिका क्षेत्र भित्र स्थाई रुपमा बसोवास गर्ने २१ बर्ष देखि ५० बर्ष सम्म उमेरका युवा युवतीहरुलाई पशुपालन कार्यमा सहभागी गराई स्वरोजगारी सृजना हुने तथा पशुजन्य उत्पादनमा टेवा पुग्ने किसिमका कार्यक्रमहरु संचालन गरिने छ । युवाहरुलाई वैदेशिक रोजगारीमा जान निरुत्साहित गरि व्यवसायीक फर्महरु संचालन तथा सुदृढिकरण गर्नाका लागि सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिनेछ । उद्यमीको फर्म संचालन तथा सुदृढिकरण कार्ययोजना बमोजिम अधिकतम रु. २५००० का दरले अनुदान उपलव्ध गराईने छ । जसबाट साझेदारीमा कम्तिमा ५ वटा गाई भैसी, ३० वटा भेडा, बाखा वा माउ बंगुर पाल्न सकिने किसिमको टिन वा खरको छानो वा भुई ढलान गरिएको सुधारिएको गोठ वा खोर निर्माण गर्नु पर्ने छ ।

**७. पशुपंछी तथा पशुजन्य पदार्थको बजारीकरण कार्यक्रमः**

पशुपंछी तथा पशुपंछीजन्य पदार्थको बजारीकरण कार्यक्रम अन्तर्गत यस गाउँपालिका लगायत अन्य सरोकारवाला निकायहरुमा नियमानुसार दर्ता भई संचालनमा रहेका पशुजन्य उत्पादन दुध, फुल र मासुको विविधिकरण तथा वजारीकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु निजि सरकारी साझेदारी अनुसार ५०/५० प्रतिशतको लागतमा सहभागितामा संचालन गरिनेछ । यस्ता कार्यक्रमहरु संचालनका लागि ३० दिन अवधिको सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ ।

**विविधः**

गाउँपालिका स्तरिय पशु विकास कार्यदल (MLAT) सम्वन्धि व्यवस्थाः यस गाउँपालिकावाट संचालन गरिने पशु सेवा सम्वन्धि कार्यक्रमहरुलाई व्यवस्थित तवरले संचालन र कार्यन्वयन गर्न निम्न अनुसारको सात सदस्यीय गाउँपालिका स्तरिय पशु विकास कार्यदल रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्षः | अध्यक्ष १ जना |
| प्रमुख प्रशासकीय अधिकृत : | सदस्य १ जना |
| पशु सेवा शाखा प्रमुखः | सदस्य सचिव १ जना |

**अनुगमन तथा मुल्यांकन :** संचालित कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गाउँपालिका स्तरिय पशु विकास कार्यदल तथा अन्य सरोकारवालाहरु बाट गरिने छ ।

**प्रचलित कानून लागु हुनेः** पशुसेवा विकास कार्यक्रम कार्यन्वयनका सम्वन्धमा प्रचलित ऐन कानूनमा ( संघिय र प्रादेशिक) उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यन्वयन हुनेछ । साथै गाउपालिका बाट यस अघि पशुसेवा विकास सम्वन्धि संचलन भए गरेका कार्यक्रमहरु समेत यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**कार्यविधि संशोधन तथा परिमार्जनः** गाउँ कार्यपालिकाले यस कार्यविधिमा समय सापेक्ष आवस्यक परिमार्जन एवं संसोधन गर्नेछ ।

**खारेजी तथा बचाउः** यस अघिका आर्थिक वर्षहरुमा गाउँसभावाट स्वीकृत भई पशुसेवा विकास सम्वन्धि संचालन भएका कार्यहरु समेत यसै बमोजिम भएको मानिने छ ।

**अनुसूचीहरु:**

(क) नियमित पशुपंछी उपचारका लागि उपलब्ध हुने औषधिहरु तथा उपकरणहरु:

| क.सं. | विवरण | स्पेसिफिकेसन | कैफियत |
|---|---|---|---|
| १ | Thermometer | Glass/Dig | |
| २ | Siger /Forcap | L/S | |
| ३ | Gum Cotton | 400gm | |
| ४ | All Shet glove | L/S | |
| ५ | Meloxicam Paracitamol Inj. | 100ml | |
| ६ | Oxytetracycline-La Inj. | 100ml | |
| ७ | Gentamycin Inj. | 100ml | |
| ८ | Enrofloxacin Inj. | 100ml | |
| ९ | Vitamin B Complex Inj. | 100ml | |
| १० | Ampicillin Inj. | 2.5gm | |
| ११ | Ivermaction Inj. | 50ml | |
| १२ | Acriflavin /GV. | 15gm | |
| १३ | Phenol | 1000ml | |
| १४ | T.T.Oil Liq. | 450ml | |
| १५ | Himax/Chrimal | 50ml | |
| १६ | GlycirenLiq | 450ml | |
| १७ | Betadine Liq. | 450ml | |
| १८ | Alum/Borax/Soda bi Carb | 400hm | |
| १९ | Prajana/Banjana Cap | 6 Cap Shet | |
| २० | Cofacu Tab | 20 Tab Tub | |
| २१ | Cortimaxazole | 1500mg | |
| २२ | Albendazole | 200/600mg | |
| २३ | Febendazole Liq. | 1000ml | |
| २४ | Oxyclozanide Bolus | 1500mg | |
| २५ | Lab Related Equpment (Slide,Cover,M.Blue,CMT) | | |

**लगायत अन्य केही आवस्यक औषधिहरु पनि नियमित रुपमा उपलब्ध हुने ।**

**(ख) पशुपंछी उपचारका लागि लाग्ने सेवा शुल्कः**

| क.सं. | विवरण | सेवा | लाग्ने शुल्क |
|---|---|---|---|
| १ | पशुपंछी दर्ता शुल्क | गाई, भैसी | १०।- |
| | | भेडा, बाखा | ५।- |
| | | कुकुर | २५।- |
| | | हाँस, कुखुरा | ५।- |
| २ | प्रयोगशाला | गोवर परिक्षण | १०।- |
| | | दुध (थुनेलो) परिक्षण | १०।- |
| ३ | बन्ध्याकरण | राँगा, साँढे | १०।- |
| | | थुमा, वोका | १०।- |
| ४ | कृतिम गर्भाधान | गाई, भैसी, वाखा | २५।- |
| ५ | गर्भ परिक्षण | गाई, भैसी | २५।- |

**(ग) पशुसेवा तालिम सम्वन्धि व्यवस्थाः (गाउँ स्तरिय)**

| क.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | तालिम सहभागी संख्या | २५ जना | |
| २ | तालिम सेसन संख्या | ४ सेसन (१ घण्टा ३० मि.) | |
| ३ | प्रशिक्षक पारिश्रमिक | रु.१५००। प्रति सेसन | |
| ४ | सहभागी भत्ता | रु.५००। प्रति सहभागी | |
| ५ | स्टेशनरी | रु. १००। प्रति सहभागी | |
| ६ | नास्ता | रु.१५०। प्रति सहभागी | |
| ७ | तालिम सामाग्री | रु.२५००। प्रति तालिम | |

स्वामिकार्तिक खापर गाउँपालिका

**(घ) साझेदारी कार्यक्रम संचालन गर्ने तथा अनुदान उपलव्ध गराउने प्रयोजनका लागि कृषक समूह सहकारी छनौट गर्दा अपनाईने आधारहरुः**

| क्र.सं. | आवेदकको नाम | ठेगाना | कार्य योजना (५०) | व्यवशायको सम्भाव्यता/ उपयुक्तता (४०) | अनुभव तालिम (१०) | कुल अंक (१००) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

स्थलगत अनुगमन कर्ताको नामः

पदः

दस्तखतः

आज्ञाले

पारस वहादुर शाही

नि.प्रमुख प्रशासकीय अधिकृत

स्वामीकार्तिक खापर गाँउपालिका